GANDAKI UNIVERSITY

गण्डकी विश्वविद्यालय

(डिनको कार्यालय)

गण्डकी प्रदेश, पोखरा, नेपाल

प.स.- ०८३।०८४

च.न.-

छात्रवृत्तिका लागि दरखास्त आह्वानसम्बन्धी सूचना

प्रकाशित मिति : २०८३/०६/२३

गण्डकी विश्वविद्यालयमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८३/८४ को फल सेमेष्टर (जुलाई-अगस्त) मा भर्ना भएका विद्यार्थीहरूलाई गण्डकी विश्वविद्यालय छात्रवृत्तिसम्बन्धी नियमावली, २०८३ को नियम १५ बमोजिम उपलब्ध गराइने छात्रवृत्तिका लागि देहायबमोजिम दरखास्त आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. छात्रवृत्तिको प्रकार

क. खुला तथा विशेष छात्रवृत्ति

ख. समावेशी छात्रवृत्ति

ग. संस्थागत/प्रायोजित छात्रवृत्ति।

२. छात्रवृत्तिको कोटा

सञ्चालनमा रहेका प्रत्येक शैक्षिक कार्यक्रमका लागि स्वीकृत कुल विद्यार्थी कोटालाई आधार मानी सो कोटामध्ये पन्ध्र प्रतिशत (१५%) कोटा निःशुल्क छात्रवृत्तिका लागि र थप दश प्रतिशत (१०%) कोटा पचास प्रतिशत (५०%) शुल्क छुट छात्रवृत्तिका लागि छुट्याइएकोछ।

खुला छात्रवृत्तिका लागि विश्वविद्यालयमा सञ्चालनमा रहेका प्रत्येक शैक्षिक कार्यक्रममा एक-एक कोटा छुट्याइनेछ। समावेशी छात्रवृत्ति र खेलाडी छात्रवृत्ति (प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी, कोच वा रेफ्री) का लागि भने विश्वविद्यालय तहमा वितरण गरिनेछ।

३. समावेशी छात्रवृत्तिको आरक्षण

समावेशी छात्रवृत्तितर्फको कोटा देहायबमोजिम आरक्षण गरिनेछ ।

सि.नं.	आरक्षण समुह	प्रतिशत
१	आर्थिक रूपले विपन्न	२५%
२	महिला	३३%
३	आदिवासी/जनजाति	२७%
४	दलित	९%
५	अपाङ्गता भएका व्यक्ति	२%
६	पिछडिएको क्षेत्र तथा मधेशी	४%
	जम्मा	१००%

समावेशी छात्रवृत्तिका लागि गण्डकी प्रदेशभित्रका सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एसएलसीई) वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ। यस्तो छात्रवृत्तिका लागि गण्डकी प्रदेशभित्रका सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एसएलसीई) उत्तीर्ण गरेका योग्य उम्मेदवार उपलब्ध नभएमा गण्डकी प्रदेशभित्रका संस्थागत विद्यालयबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एसएलसीई) उत्तीर्ण गरेका योग्य उम्मेदवारलाई त्यस्तो छात्रवृत्ति प्रदान गर्न सकिनेछ।

४. छात्रवृत्ति वितरण सम्बन्धी व्यवस्था

-छात्रवृत्ति छनोट प्रक्रियाबाट प्राप्त योग्यताक्रमका आधारमा उम्मेदवारहरूलाई पूर्ण निःशुल्क तथा ५० प्रतिशत शुल्क छुट हुने गरी छनोट गरिनेछ।

GANDAKI UNIVERSITY

गण्डकी विश्वविद्यालय

(डिनको कार्यालय)

गण्डकी प्रदेश, पोखरा, नेपाल

प.स.- ०८३।०८४

च.न.-

- खेलाडी छात्रवृत्तिका हकमा प्रदेशस्तरीय खेलाडी/प्रशिक्षक/रेफ्रीलाई २५ प्रतिशत, राष्ट्रियस्तरकालाई ५० प्रतिशत र अन्तर्राष्ट्रियस्तरकालाई १०० प्रतिशत छात्रवृत्ति प्रदान गरिने व्यवस्था रहेको छ।

५. आवेदन दिन सक्ने न्यूनतम योग्यता

यस वर्ष २०८३ को फल सेमेष्टर (जुलाई-अगस्त) का छात्रवृत्तिको लागि आवेदन गर्न विश्वविद्यालयले तोकेको समयमा प्रवेश परीक्षा दिई मिति २०८३ भाद्र मसान्तसम्ममा भर्ना भइसकेका विद्यार्थीहरू आवेदन दिन योग्य ठहरिने छन्।

६. छनोट प्रक्रिया

छात्रवृत्तिका लागि उम्मेदवार छनोट गर्दा देहायबमोजिमको प्रक्रिया अपनाइनेछः

- प्रवेश परीक्षाको नतिजा,
- शैक्षिक नतिजाको मूल्याङ्कन।

यस वर्षको प्रवेश परीक्षामा प्राप्त गरेको अङ्कलाई कुल मूल्याङ्कनमा असी प्रतिशत (८०%) भार प्रदान गरिनेछ र छनोट प्रतियोगिताका लागि आवेदित तहभन्दा एक तह तल्लो तहको परीक्षामा प्राप्त गरेको प्रतिशत वा सञ्चित ग्रेड पोइन्ट औसत (Cumulative Grade Point Average, CGPA) का आधारमा अधिकतम बीस प्रतिशत (२०%) भार प्रदान गरी शैक्षिक नतिजाबाट प्राप्त अङ्क र प्रवेश परीक्षामा प्राप्त अङ्क जोड गरी कुल १०० पूर्णाङ्क कायम गरिनेछ। कुल प्राप्ताङ्कमध्ये ४० अङ्कलाई उत्तीर्णाङ्क मानी प्राप्ताङ्कका आधारमा योग्यताक्रम निर्धारण गरी नतिजा प्रकाशन गरिनेछ।

७. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरू

दरखास्त फारामसँग देहायका कागजातहरू पेश गर्नुपर्नेछः

क.नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि।

ख. माध्यमिक शिक्षा परीक्षा (एसईई) वा सो सरहको परीक्षाको प्रमाणपत्र तथा ट्रान्सक्रिप्टको प्रतिलिपि।

ग. माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एसएलसीई/एसएलसी/कक्षा १२ वा सो सरहको परीक्षाको प्रमाणपत्र/ मार्कसिट/ट्रान्सक्रिप्ट तथा सम्बन्धित शैक्षिक संस्थाले प्रदान गरेको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि।

घ. स्थानीय छात्रवृत्तिका लागि सम्बन्धित वडा कार्यालयबाट स्थायी बसोबास प्रमाणित भएको सिफारिस।

ङ. खेलाडी छात्रवृत्तिका लागि सम्बन्धित खेलाडी/प्रशिक्षक/रेफ्री भएको प्रमाणित हुने आधिकारिक प्रमाणपत्र।

च. अपाङ्गता भएका उम्मेदवारका हकमा सम्बन्धित प्रमाणपत्र तथा आवश्यक सिफारिस।

छ. आर्थिक रूपले विपन्न/दलित/आदिवासी/जनजाति/पिछडिएको क्षेत्र/मधेशी लगायतका समावेशी समूहका लागि सम्बन्धित निकायबाट प्रमाणित कागजात।

ज. शिक्षक कर्मचारीका सन्ततीका हकमा सम्बन्धित स्थानीय तहबाट नाता प्रमाणित गरेको कागजात।

८. दरखास्त फाराम प्राप्त गर्ने स्थानः गण्डकी विश्वविद्यालय डिनको कार्यालय पोखरा-३२, कास्की साथै गण्डकी विश्वविद्यालयको Website: www.gandakiuniversity.edu.np

९. दरखास्त बुझाउने स्थान र अन्तिम मितिः इच्छुक विद्यार्थीहरुले २०८३ मंसिर ०८ गते कार्यालय समयभित्र डिनको कार्यालय पोखरा-३२, कास्कीमा दरखास्त पेश गरिसक्नुपर्नेछ।

१०. छात्रवृति सम्वन्धी विस्तृत जानकारी साथै आवेदन फारम लगायतका अनुसूची फारामहरूका लागि विश्वविद्यालयको आधिकारीक website:- www.gandakiuniversity.edu.np मा गई जानकारी लिन सकिन्छ।